(न) "सेवाप्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जलभण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(प) "सेवाप्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(फ) "सेवा क्षेत्र" भन्नाले अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि अनुमतिपत्रमा उल्लेख गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ब) "स्थानीय तह" भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी

३. **खानेपानी तथा सरसफाइको अधिकारः** (१) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति यस ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः-

(क) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।